# FAIR FACTS

**Foresight Accountability In COVID Response**

CIVIC ACTION TEAMS

अंक १०५
२९।०१।२०७८



सेती प्रादेशिक अस्पताको आकस्मिक कक्षमा बेड खाली नभएपछि ग्यालरी र बाहिर राखेर पनि उपचार गरिँदै ।

*तस्विर: प्रदिप पाठक*

# वीर अस्पतालको नयाँ भवन ५०० शैयाको युनिफाईड कोभिड अस्पताल बनाउने निर्णयरु




थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्

## यस अंक भित्र

### ६४१ आईसियु बेड र ३४१ भेन्टिलेटर खाली

तथ्यांक सही हो भने, सरकार व्यवस्थापनमा कहाँ चुकीरहेको छ त ?

### हिंसा, दुर्व्यवहार र उपभोग्य वस्तुको सर्वसुलभताको अभाव भए कहाँ उजुरी गर्ने ?

उजुरी वा परामर्शको लागि राष्ट्रिय मानव अधिकार आयोगले टेलिफोन तथा ईमेल सम्पर्कहरु सार्वजनिक गरेको छ ।

### कोभिशिल्ड खोपको घटनाक्रम

स्थानीय एजेण्टको अवरोधका कारण खोप आउन सकेको छैन । भारतमा संक्रमितको संख्या तिव्र गतिमा बढिरहेकोले पनि नेपाल सरकारलाई भारतबाट कोभिड विरुद्धको खोप खरिद गर्न कठिन छ ।

# फ्याक्ट सिट



## तथ्यांकमा आईसियु बेड र भेन्टिलेटरको अवस्था

| | जम्मा आईसियु बेड संख्या: | आईसियुमा रहेकाहरुको संख्या: | भेन्टिलेटरको संख्या: | भेन्टिलेटरमा रहेकाहरुको संख्या: |
|---|---|---|---|---|
| प्रदेश १ | १३४ | ११३ | ७१ | १७ |
| प्रदेश २ | १०० | ६० | ५० | ३७ |
| बागमती प्रदेश | ७४७ | ४४३ | ३१६ | १५७ |
| गण्डकी प्रदेश | २८० | ६१ | ६७ | १३ |
| लुम्बिनी प्रदेश | ११४ | ८६ | ६१ | २१ |
| कर्णाली प्रदेश | ५५ | ३३ | २० | ११ |
| सुदूरपश्चिम प्रदेश | ४३ | ३६ | २३ | ११ |
| जम्मा | १,४७३ | ८३२ | ६०८ | २६७ |

*२०७८ बैशाख २६ गते*

माथिको तथ्यांक हेर्ने हो भने, करिब १,४७३ आईसियु बेडमा ८२३ बेड मात्र भरिएको छ । त्यसै गरेर, करिब ६०८ भेन्टिलेटरमा २६७ भेन्टिलेटर मात्र प्रयोगमा रहेकाछन् । यसको मतलव, ६४१ आईसियु बेड र ३४१ भेन्टिलेटर खाली नै छन् । अर्को तर्फ संक्रमितहरुले अस्पतालमा ठाउँ नपाएर ज्यान गुमाएका समाचारहरु आईरहेका छन् । यदी तथ्यांक सहि हो भने सरकार व्यवस्थापनमा कहाँ चुकिरहेको छ ? के यस तर्फ तत्काल ध्यान दिन जरुरी छैन ?

Source: https://cutt.ly/hbO2J1n

## अक्सिजन अभाव?

देशभरी उपलब्ध अक्सिजन सिलिण्डरको संख्या करिब **७०** हजार

हाल निजी कम्पनीले प्रतिदिन **१३ हजार** सिलिण्डर अक्सिजन ग्याँस भरिरहेकाछन्

एउटा सिलिण्डरमा नोमिनल कन्टेन्ट (तरलिय पदार्थले दिने अक्सिजन ग्याँस) क्षमता **६८००** लिटर

अहिलेकै क्षमतामा निजी कम्पनीले मात्र पनि प्रति महिना २,६५,२०,००,००० लिटर नोमिनल कन्टेन्ट अक्सिजन ग्याँस भर्न सक्छन्

सरकारले गरेको अनुमान अनुसार कोभिडको उपचारमा ३ महिनामा निम्न अनुसार अक्सिजन ग्याँस खपत हुने भनेको छ:

| बैशाख महिनामा | जेष्ठ महिनामा | असार महिनामा |
|---|---|---|
| ९७,७६,५६,७८१ लिटर | १,२९,३३,६७,००८ लिटर | १,५८,२२,७३,८२९ लिटर |

माथिको तथ्यांक हेर्दा हालको अक्सिजन उत्पादन क्षमता उच्च संक्रमण दर अनुमान गरिएको असार महिनालाई पनि प्रयाप्त पुग्ने देखिन्छ ।

Source: https://drive.google.com/file/d/1GLVuN1RGJsSVpY9zJkern9l0VXaql4Ga/view

# हल्ला र तथ्य

दुई
डोज खोप लगाएका
व्यक्तिलाई पनि संक्रमण
हुन्छ रे ।

हो, कोभिड - १९ विरुद्धको पहिलो वा दुबै मात्रा खोप लगाएका व्यक्तिमा पनि संक्रमण हुन सक्छ । अहिले प्रयोगमा आएका खोपको प्रभावकारीता दर ७०% देखी ८०% मात्र हो । त्यसैले खोप लगाईसकेपछि पनि स्वास्थ्य मापदण्ड पालना गर्न जरुरी छ । तर, दुबै मात्रा खोप लगाएका व्यक्तिलाई खोप नलगाए व्यक्ति र एउटै मात्रा खोप लगाएका व्यक्तिको तुलनामा जोखिम कम हुने भने देखिएको छ ।

Source: https:/.www.dsfhakjsdhf.asdfkahdkl

लकडाउन सुरु भएसँगै
विभेद र हिंसा सम्बन्धी घटना
पनि बढिरहेकाछन् । यस्तो
अवस्थामा कहाँ उजुरी गर्ने ?

लैंगिक हिंसा तथा घरेलु हिंसा, बालबालिका माथि हुने दुर्व्यवहार, उपभोग्य वस्तुको सर्वसुलभताको अभाव, स्वास्थ्य सेवाबाट वञ्चित र सबै किसिमका विभेद सम्बन्धी उजुरी वा परामर्शको लागि राष्ट्रिय मानव अधिकार आयोगले टेलिफोन तथा ईमेल सम्पर्कहरु सार्वजनिक गरेको छ । केन्द्रिय र प्रदेश स्थीत कार्यालय र शाखा कार्यालयको सम्पर्क सम्बन्धी विस्तृत विवरण तलको लिंकमा दिईएको छ ।

Source: https://www.nhrcnepal.org/nhrc_new/doc/newsletter/1733651924flyercovid.pdf

सरकारले गम्भिर
प्रकृतीका कोरोनाका
बिरामीलाई हवाई उद्धार गर्ने
निर्णय गर्‍यो रे ।

संघिय सरकारले यस्तो कुनै निर्णय गरेको छैन, तर कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री संयोजक रहेको कर्णाली प्रदेश कोभिड संकट व्यवस्थापन केन्द्रको २०७८ वैशाख १९ गते बसेको वैठकले यससम्बन्धी निर्णय गरेको छ । निर्णय अनुसार, विरामीहरूको आपतकालिन उद्धारको लागि हवाई एम्वुलेन्स (हेलिकप्टर)को व्यवस्था प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले मिलाउने भनेको छ ।

Source: https://cutt.ly/SbIZHZr

# कोभिड खोप सम्बन्धी बिवाद

वास्तवमै के कुराले हामीलाई मृत्युको मुखमा पुऱ्याईरहेको छ ? भाईरसले ? वा **भ्रष्टाचार, अप्रभावकारी व्यवस्था** र **इमानदार नेतृत्वको कमी**ले ?

**तिन महिनाभित्र सबै नेपालीले खोप पाउनेछन्** भनेर प्रधानमन्त्री के.पी. शर्मा आलीले घोषणा गरे

## माघ ८

भारत सरकारले नेपाललाई १० **लाख** डोज अस्ट्राजेनिका केभिशिल्ड खोप अनुदान दियो

## माघ १४

नेपालमा **पहिलो चरणको** खोप अभियान शुरुवात भयो ।

## फागुन ९

नेपाल सरकारले २० **लाख** डोज अस्ट्राजेनिका केभिशिल्ड खोप भारतबाट खरिद गर्ने निर्णय गऱ्यो । जस मध्ये १० **लाख** डोज खोप प्रति डोज ४ अमेरिकी डलरमा नेपाल आयो ।

## फागुन २३

कोभ्याक्स् सुविधा अन्तरगत नेपालले ३८०,००० डोज केभिशिल्ड खोप, ३५०,००० सिरिन्ज र ३५०० खोपलाई सुरक्षित राख्ने बक्स प्राप्त गऱ्या।

**दोस्रो चरणको** खोप अभियान शुरु भयो ।

## फागुनको अतिम तिर

नेपालले भारतबाट ५० **लाख** डोज अस्ट्रजेनिका केभिशिल्ड खोप खरिद गर्ने विषयमा छलफल शुरु गऱ्यो ।

स्वास्थ्य मन्त्रालय र नेपाल स्थीत सिरम ईन्स्टीच्युट अफ ईन्डियाको एजेण्ट बिच कमिसन सम्बन्धी बिवादको शुरुवात ।

## चैत्र १६

भारतमा संक्रमण तिव्र रुपमा बढेसँगै भारत सरकारले खोप निर्यातमा रोक लगायो ।

## मध्य चैत्र

चिन सरकारबाट चिनमा सिमापार व्यापार गर्ने व्यापारी र चिनमा अध्ययन गर्ने विद्यार्थीलाई खोप लगाउने प्रयोजनका लागि ८ लाख डोज खोप प्राप्त ।

२०७८ बैशाख १५ गते सम्म नेपालको जम्मा जनसंख्याको **७.१७%** जनसंख्याले खोपको पहिलो मात्रा लिइसकेकाछन् । त्यस मध्ये **१.२%** जनसंख्याले खोपको दुबै मात्रा लिइसकेका छन् । पहिलो मात्रा खोप लिएकालाई दोस्रो मात्रा लिन अब **१६ लाख** स्ट्राजेनिका केभिशिल्ड खोप आवश्यक पर्दछ । नेपाल सरकारले सम्झौता गरेको **२० लाख** खोप मध्ये बाँकी **१० लाख** खोपसँगै थप **५० लाख** खोप खरिद गर्ने विषयमा छलफल गरिरहेको थियो, तर स्थानीय एजेण्टको अवरोधका कारण आउन सकेको छैन । योसँगै भारतमा संक्रमितको संख्या तिव्र गतिमा बढिरहेकोले पनि नेपाल सरकारलाई भारतबाट कोभिड विरुद्धको खोप खरिद गर्न कठिन छ । अहिलेको परिस्थिती हेर्दा, नेपाल सरकारले आफ्ना सबै नागरिकलाई खोप लगाएर सुरक्षित बनाउन अझै समय लाग्ने देखिन्छ ।

# कुवेतमा खोप नलगाए यात्रामा प्रतिवन्ध, कतारमा रमादानको अवसरमा आममाफी

## कुवेत:



- खोप नलगाएका कुवेती नागरिक, उनिहरूको रगतका नातेदार अनी घरेलुकामदारहरूलाई यात्रामा प्रतिबन्ध छ । तर, दुई चरणकै खोप लगाएकाहरूलाई भने यस्तो रोक लगाईएको छैन।

- वर्क पर्मिट लिएको १ बर्ष पुरा गरेका कामदारहरूले कम्पनी परिवर्तन गर्न पाउने पाम (Public Authority for Manpower–PAM) ले निर्णय गरेको छ । तर, स्पोन्सर वा कम्पनीको स्वीकृति अनिवार्य गरेको छ । यो नियम कोरोनाको कारण लेबर मार्केटमा कामदारहरूको अपुग कम गर्न गरिएको भए पनि अर्को नियम जारी नभए सम्म लागु हुनेछ ।

- पूर्ण स्वास्थ्य सावधानीकासाथ रेस्टुरेण्टहरूमा केही समय देखी बन्द रहेको डाइनिङ सेवा मे १७ देखी शुरु गर्ने तयारी रहेको छ ।



## कतार:

- १ जुन, २०२१ देखी पुरानो नोटहरू नचल्ने भएका छन् । यदी आँफूसँग कतारका पुराना नोटहरू छन् भने, जुन १ भन्दा पहिले नै सटही गरिसक्नुपर्ने छ ।

- इदको अवसर पारेर सरकारी कार्यालय, मन्त्रालय तथा अन्य सार्वजनिक क्षेत्र भित्र पर्ने कार्यालयहरूमा ९ मे, २०२१ देखि १८ मे, २०२१ सम्म बिदा दिइएको छ । मे १२ र १३ तारिख नेपाली दूतावास पनि बन्द हुने भएको छ ।

- रमादानको अवसरमा बिभिन्न अभियोगमा जेलमा सजाय भुक्तानी गरिरहेका व्यक्तिहरूलाई अरु वर्ष जस्तै यस वर्ष पनि आममाफी दिईएको छ । ति मध्ये १४ जना नेपाली नागरिक पनि रहेका छन् ।


www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

## बाँचे फेरी मजदुरी गर्न अर्काकै देश जानुपर्ला

नारायण बोहरा, धनगढी उप-महानगरपालिका वडा नं ९ मा बस्छन् । उनको परिवारमा उनका बुवा, आमा, एक जना दाइ, भाउजु, उनकी श्रीमति, दाइका २ र उनका २ जना छोराछोरी गरी जम्मा १० जनाको परिवार छ । उनले कक्षा ४ सम्म मात्रै पढ्न पाए । घरको अर्थिक अवस्था कमजोर भएकै कारण १४/१५ वर्षकै कलिलो उमेरमा रोजगारीका लागि भारत जानु पऱ्यो । उनी भारत मजदुरी गर्न जान थालेको झण्डै १२ वर्ष भइसकेको छ । पहिले उनका बुवा पनि मजदुरी गर्न भारतमै जाने गर्दथे । तर, पछि बुवा जान नसक्ने भएपछि उनका दाइ पनि रोजगारीका लागि भारत तिर लागे । दाइ एक्लैको कमाइले परिवार पाल्न गाह्रो हुन थालेपछि नारायण पनि रोजगारीका लागि भारतको राजधानी दिल्ली गए ।

उनी दिल्लीमा दिउँसो गाडी धुने काम गर्दथे भने, राति चौकीदारको काम गर्दथे । दिन रात नभनि, कुनै चाडपर्व नभनी उनी अर्काको देशमा पसिना बगाउथे । यसरी कमाएको पैसाले उनी आफ्नो परिवारको छाक टार्दथे । गत वर्ष विश्वव्यापी फैलिएको कोरोना महामारीका कारण भारत सरकारले लकडाउनको घोषणा गरेपछि उनको काम बन्द भयो । काम नभएपछि आफ्ना दाईसँगै २०७७ साल चैतको अन्तिम तिर उनी नेपाल फर्किए ।



झण्डै १ वर्ष उनी घरमै बसे । यहिबिच प्रधानमन्त्री रोजगार कार्यक्रममा रोजगारीका लागि आवेदन दिए । पटक-पटक बुझ्न जाँदा भोलि आउनु भन्ने जवाफ लिएर फर्किन्थे । धेरै पटिक धाएपछि उनले बुझ्न जानै छोडे ।परिवार पाल्नु पर्ने बाध्यताका कारण फेरी भारत तिर लागे ।



फेरी कोरोना महामारीको दोस्रो लहरले उनी कार्यरत दिल्ली आक्रान्त बन्यो । त्यहाँ काम गर्ने नेपालीलाई घर फर्किन दवाब आयो । कमाएको सबै पैसा केही समय अघि घर पठाइसकेका थिए । फर्कनलाई टिकट भाडा पनि थिएन । उनी भारत गएको ५ महिनमै साथीसँग नेपाल फर्किए ।

> **पोहोर पनि ठूलो आशा बोकेर नेपालमै केही गर्छु भनेर फर्किए, तर पछि विदेशिनु पऱ्यो । यसपाली पनि त्यस्तै त होला । अब त कुनै आशा छैन । यो कोरोना कहर कहिले शान्त होला । बाँचे फेरी मजदुरी गर्न अर्काकै देश जानु पर्ला ।**

# भोइसेस आउट लाउड - मेरो कुरा



## नारायण बराल

वडा अध्यक्ष,
धनगढी उप-महानगरपालिका, वडा नं ८

यस वर्ष पनि गत वर्षको जस्तै अवस्था दोहोरिएको छ । पोहोर पनि महामारी फैलिएपछि रोजगारीका लागि भारत गएका नेपालीहरु दैनिक हजारौंको संख्यामा स्वदेश फर्किएका थिए । अहिले पनि दैनिक सयौंको संख्यामा नेपालीहरु आईरहेकाछन् । गत वर्ष भएका कमि कमजोरीहरुलाई मनन नगर्दा आज दिनदिनै संक्रमण भयावह रुपमा फैलिइरहेको छ । विगतमा भएका गल्तीलाई सुधार नगर्दा समस्या भइरहेको छ । अर्को तर्फ जनता पनि जिम्मेवार हुन जरुरी छ । बुझेर होस वा नबुझेर कोभिड - १९ को संक्रमणलाई हलुका रुपमा लिँदा अवस्था दिन प्रतिदिन गम्भीर हुँदै गइरहेको छ । हाम्रो सानो लापरवाहीले ठूलो क्षति हुन सक्छ ।

नागरिकको सामुन्ने सत्य तथ्य समाचार ल्याउने क्रममै म कोरोना संक्रमित भएँ । जव म आफैं अक्सिजन लगाउनु पर्ने विरामीको रुपमा अस्पतालमा थिएँ, त्यतिवेला बल्ल थाहा पाएँ, कोरोनाको दोश्रो लहर शुरु हनुभन्दा अगाडी केहि पनि तयारी भएको रहेनछ । जनशक्ति छैन्, अक्सिजन छैन्, पूर्वाधार छैन, वेड छैन । तर, यही समयमा लक्षणसहितका संक्रमित बढिरहेका छन् । यस्तो अवस्थामा संक्रमण भयो भने मनोवैज्ञानिक रुपमा अत्यन्त कमजोर वनाउँछ । यसलाई लापरवाही नगरौं । राज्यले उपचार गरिदेला भनेर मुख ताकेर नवसौं । कर्णालीमा एकदमै भयाभव अवस्था छ । अरु ठाउँमा पनि त्यस्तै होला । त्यसैले आफ्नो सुरक्षा आफैं गरौं, घरबाट बाहिर ननिस्किऔं ।

## नगेन्द्र उपाध्याय

पत्रकार, सुर्खेत



# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** - महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो । जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई बैज्ञानिक तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता, नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

### DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

### REACH OUT TO US ON


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219